स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



फिल्म निर्माता बन्ने अभिनेत्रीको लहरमा बेनिशा हमाल पनि थपिएकी छिन्। फिल्म 'द ब्लु लाइट'मा उनी कार्यकारी निर्माता छिन्। शुक्रबारबाट प्रदर्शनमा आउन लागेको यो फिल्म उनका लागि एउटा प्रोजेक्ट मात्र होइन, मेहनत, लगानी र नयाँ सपनाको परीक्षा पनि हो। निर्माता बनेपछि जिम्मेवारीको दायरा निकै फराकिलो भएको उनी बताउँछिन्।

**आजको विचार...**



जगन्नाथ पन्त

राजनीतिक... *(दुई पेजमा)*

अभिनेता सुशील श्रेष्ठ र अभिनेत्री अञ्जना बराइली अभिनीत एक्सन फिल्म 'परिवर्तन' ले एक सातामा ५० लाखको पनि व्यवसाय गर्न असफल भएको छ। चलचित्र विकास बोर्डले सोमबार सार्वजनिक गरेको नेपाली फिल्मको बक्स अफिस रिपोर्टमा फिल्मको एक साताको आम्दानी ३१ लाख रहेको छ। गत ९ गतेबाट प्रदर्शनमा आएको फिल्मले १७ गते शनिवारसम्म बक्स अफिसमा ३१ लाख, ९ हजार ९२५ ग्रस कलेक्सन गरेको छ।



❒ वर्ष ३१ अंक १८७ ❒ २०८२ माघ २० गते मंगलबार 3 February 2026, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# गणित र विज्ञानको नतिजा सुधार्न पाल्पा आवासीयको रचनात्मक प्रयास

## जिल्लाका विद्यार्थी सहभागी गराएर रनिङ शिल्ड 'हाजिरीजवाफ'

**रामचन्द्र रायमाझी**

**तानसेन (पाल्पा)**,माघ १९/ विश्वभर गणित र विज्ञानको महत्व र महिमा जति नै भए पनि यसलाई विद्यार्थीमाझ सहजै सजिलो महसुस गर्न र गराउन सकेको अवस्था छैन । यी दुवै विषयलाई सबैभन्दा कठिन विषयको रुपमा स्वीकारिएको दुर्भाग्यपूर्ण अवस्थाबाट विश्व नै मुक्त छैन ।

विद्यालयमा अध्ययनरत विद्यार्थीहरुबीच सबैभन्दा कठिन विषय कुन हो ? भनेर प्रश्न गर्दा अधिकांशको उत्तर एउटै आउँछ: गणित र विज्ञान । नेपाली विद्यार्थीहरुको सानो समूहमा मात्र गणित, विज्ञान लोकप्रिय छ तर पनि सामुदायिक र केही संस्थागत विद्यालयमा यो गणना अत्यन्तै न्यून छ ।





सामुदायिक विद्यालयका विद्यार्थीका लागि यी विषय भूतको घर भएको छ, जसलाई उनीहरु सम्झन समेत चाहँदैनन् । यी विषयका शिक्षकहरु सबैभन्दा धेरै दु:ख गर्छन् । गणित - विज्ञानका तरिका, सूत्र, सिद्धान्तहरु निकै सिकाउने गर्छन् तर पनि परीक्षामा प्राय: विद्यार्थीहरु यी विषयमा नै अनुत्तीर्ण हुन्छन् । एस.इ.इ मा विद्यार्थीलाई उत्तीर्ण गराउने ठेक्काको सबैभन्दा ठूलो ठेकेदार तिनै शिक्षक नै हुन्छ तर पनि अनुत्तीर्ण विद्यार्थीहरुमा अनिवार्य रुपमा यी विषय लागेकै हुन्छ । यी विषयको नतिजा सुधार गर्नतर्फ न सरकारको ध्यान जान सकेको छ न त सम्बन्धित निकायको नै । तर पाल्पाको एक निजी तथा आवासीय विद्यालयले भने गणित र विज्ञान विषयको नतिजालाई सुधार गर्न र यसतर्फ विद्यार्थीहरुलाई आकर्षण गराउन रचनात्मक प्रयास गरेको छ ।

तानसेनमा रहेको पाल्पा आवासीय माध्यमिक विद्यालयले गत वर्षदेखि आफ्नो वार्षिक उत्सवको अवसर पारेर जिल्लाभरका विद्यार्थीहरुलाई सहभागी गराई गणित र विज्ञान विषयमा जिल्लास्तरीय रनिङ शिल्ड हाजिरीजवाफ प्रतियोगिता सञ्चालन गर्दै आएको छ । यस वर्ष पनि विद्यालयले ४६ औं वार्षिक उत्सवको अवसरमा सोमबार प्रतियोगिता सञ्चालन गऱ्यो । जहाँ १४ विद्यालयका विद्यार्थीहरुको सहभागिता रहेको थियो । विद्यार्थीमा गणित र विज्ञानप्रतिको रुचि बढाउने, आत्मविश्वासी बनाउने र बौद्धिक क्षमताको अभिवृद्धि गरी नजिता सुधारमा सहयोग पुऱ्याउने उद्देश्यले प्रतियोगिताको आयोजना गरिएको विद्यालयका प्रिन्सिपल गोपाल पि.सी.ले जानकारी दिए । *-बाँकी अन्तिम पेजमा...*

**संक्षिप्त समाचार**

## चिसोका कारण १४ जनाको मृत्यु

**(रासस/सिन्ह्वा)**

**न्युयोर्क,** माघ १९/गएको हप्ता देखि न्युयोर्क सहरमा चिसोका कारण १४ जनाको मृत्यु भएको मेयर जोहरान ममदानीले पुष्टि गरेका छन् । प्रारम्भिक अनुसन्धानले चिसोका कारण आठ जनाको मृत्यु भएको पुष्टि गरेको स्थानीय मिडियाले जनाएका छन् । अमेरिकामा जाडोको ठुलो आँधीका कारण जनवरी -२५ मा उल्लेख्य मात्रामा हिँउ परी सडक तथा फुटपाथ अवरुद्ध गरेको जनाइएको छ । ममदानीले अहिले सम्म छ करोड ७० लाख पाउन्ड हिउँ पग्लि सकेको पुष्टि गर्दै हिउँ पगाली उक्त स्थान सफा गर्न १८ करोड ८० लाख पाउन्ड नुन प्रयोग गरिएको बताउनु भएको छ । घरबार विहीन तथा विस्थापितहरुलाई चिसो तापक्रमसँग जुझ्न मद्दत गर्न सुरक्षात्मक उपायहरू अपनाइएको जनाइएको छ । नयाँ आश्रय तथा एकाइहरू घरबार विहीनहरूका लागि खुला हुने र तातो र सुरक्षित आश्रयहरू न्युयोर्क सहरका पाँचवटा स्थानमा मानिसहरूका लागि खुला रहने जनाइएको छ ।

# नारायणी नदीमा सञ्चालनमा आयो 'राइनो क्रुज'

**टेकराज पोखरेल/रासस**

**नवलपुर (नवलपरासी),** माघ १९/ नारायणी नदीमा जल पर्यटनको प्रवर्द्धन र यहाँको धार्मिक पर्यटकीय क्षेत्रलाई जोड्ने उद्देश्यले नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को गैंडाकोटस्थित नारायणी नदीबाट नेपालकै पहिलो 'क्रुज' सञ्चालनमा आएको छ । आइतबार साँझ क्रुजको विधिवतरुपमा उद्घाटन भएपछि 'राइनो क्रुज'ले नियमित सेवा सञ्चालन गरेको छ । नवलपुर र यस क्षेत्रमा पर्यटकीय क्षेत्रमा दिगो र सम्भावनायुक्त नयाँ गन्तव्य बनाउने योजनासहित राइनो क्रुज सञ्चालनमा ल्याइएको हो ।



क्रुजको औपचारिक उद्घाटनका क्रममा गैंडाकोट नगरपालिका प्रमुख मदनभक्त अधिकारीले राइनो क्रुज गैंडाकोटको नमूना गहना भएको उल्लेख गर्दै यसको सञ्चालनमा आवश्यक पर्ने सहयोग पालिकाले गर्ने बताए । क्रुजले यहाँको पर्यटन प्रवर्द्धनमा निकै टेवा दिने भन्दै नगरप्रमुख अधिकारीले क्रुजलाई देवघाटधामसम्म मात्रै नभइ देवघाटधाम र त्रिवेणीधामसम्म जोड्नुपर्नेमा जोड दिए । क्रुज सञ्चालनका लागि नारायणीको धेरै ठाउँमा बाधाअड्चन भएको भन्दै उनले बाधा अड्चन हटाएर नदीलाई गहिरो बनाउन आवश्यक पर्ने सहयोग पालिकाले गर्ने बताए । क्रुजको उद्घाटनका क्रममा नेपाल उद्योग वाणिज्य महासैका पूर्व केन्द्रिय सदस्य एवम् होटल रिभर क्राउनका अध्यक्ष डा तिलचन्द्र भट्टराईले जल क्रियाकलापसँगै होटल सञ्जाल गर्न राइनो क्रुज र होटलबीच सहकार्य भएको बताए । क्रुज सञ्चालनमा आएसँगै गैंडाकोट र नवलपुरको मात्रै नभइ यस क्षेत्रका समग्र आर्थिक विकासलाई सञ्चालन र वृद्धि गर्न टेवा पुग्ने उनको भनाइ छ । क्रुजलाई स्थायीरुपमा सञ्चालन गर्दै यहाँको धार्मिक र पर्यटकीय क्षेत्रहरुलाई जोड्नका लागि पनि आफूहरुले भूमिका खेल्ने डा. भट्टराईको भनाइ छ । क्रुज सञ्चालनकै क्रममा होटल व्यवसायी प्रभाकर पण्डितले क्रुज सञ्चालनमा आएसँगै नवलपुर तथा चितवनसहित देशकै पर्यटन प्रवर्द्धनमा नयाँ आयाम थपिएको बताए । नेपालकै पहिलो क्रुज नारायणी नदीमा सञ्चालनमा आएकोले यसले पर्यटकीय गतिविधिको वृद्धिमा सफलता हासिल गर्ने पण्डितको भनाइ छ ।

*-बाँकी अन्तिम पेजमा...*

**सूचना माग्ने र पाउने मौलिक हकको रक्षा गरौं।**

सार्वजनिक निकायले,

-आफ्नो निकायसँग सम्बन्धित सूचना अद्यावधिक गरी राख्नुपर्दछ ।

-त्यस्ता सूचना आवधिक रुपमा प्रकाशन तथा प्रसारणको व्यवस्था गर्नु पर्दछ ।

-सूचना प्रवाह गर्न सूचना अधिकारी अनिवार्य तोकिनु पर्दछ ।

-सूचना अधिकारी सम्बद्ध निकायको दोस्रो वा तेस्रो वरियताको अधिकारी हुनु पर्दछ ।

-सूचना अधिकारीको नाम, पद, इमेल ठेगाना, मोवाइल नं. र तस्विर सबैले देख्ने गरी कार्यालयमा र वेबसाइटमा राख्नु पर्दछ ।

-कसैले सूचना मागे कानूनबमोजिम तोकिएको अवधिभित्र सूचना उपलब्ध गराउनु पर्दछ ।

नागरिकको सूचना माग्ने र पाउने हकको रक्षा गरौं, पारदर्शीता कायम गरौं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

## सम्पादकीय

# रोजगारी सिर्जना : चुनौती र सम्भावनाको संगम

**नेपालको अर्थतन्त्र आज रोजगारी संकटको गहिरो मोडमा उभिएको छ । प्रत्येक वर्ष लाखौँ युवा श्रम बजारमा प्रवेश गरिरहेका छन्, तर उनीहरूका लागि पर्याप्त र गुणस्तरीय रोजगारी सिर्जना हुन सकेको छैन् । परिणामस्वरूप वैदेशिक रोजगारीप्रतिको निर्भरता बढ्दो छ, जसले अल्पकालिन रूपमा आम्दानी भित्र्याए पनि दीर्घकालीन रूपमा सामाजिक, आर्थिक र जनशक्तिगत क्षति गरिरहेको छ । वर्तमान अवस्थाको मूल समस्या नीतिगत कमजोरी, उत्पादनमूलक क्षेत्रको संकुचन र सीप तथा बजारबीचको असन्तुलन हो । कृषि, उद्योग र पर्यटन जस्ता सम्भावनायुक्त क्षेत्रलाई प्राथमिकतामा राखेर दीर्घकालीन रणनीति बनाउन नसक्दा रोजगारी सिर्जना कागजी योजनामै सीमित भएको छ । शिक्षाले प्रमाणपत्र त उत्पादन गरिरहेको छ, तर श्रम बजारले माग गर्ने सीप दिन सकिरहेको छैन् । यसले शिक्षित बेरोजगारको संख्या बढाइरहेको छ । रोजगारी सिर्जनाको पहिलो उपाय स्वदेशमै उत्पादन बढाउनु हो ।**

**कृषिलाई आधुनिकीकरण गर्दै व्यावसायिक बनाउने, साना तथा मझौला उद्योगलाई सहुलियत ऋण, प्रविधि र बजार पहुँच उपलब्ध गराउने हो भने ठूलो संख्यामा रोजगारी सिर्जना गर्न सकिन्छ । स्थानीय स्रोत र कच्चा पदार्थमा आधारित उद्योग स्थापना गर्न सके आत्मनिर्भर अर्थतन्त्रको आधार बलियो हुन्छ । सीप विकास र उद्यमशीलतालाई जोड दिनु आवश्यक छ । युवालाई जागिर खोज्ने मात्र होइन, जागिर सिर्जना गर्ने मानसिकतामा रूपान्तरण गर्नुपर्छ । स्टार्टअप, सहकारी र सामाजिक उद्यमलाई प्रोत्साहन गर्ने नीतिले स्थानीय स्तरमै रोजगारीका अवसर खोल्न सक्छ । यसमा स्थानीय सरकारको भूमिका निर्णायक हुन्छ । निजी क्षेत्रमैत्री वातावरण निर्माण अपरिहार्य छ । लगानी सुरक्षाको प्रत्याभूति, सरल कानुनी प्रक्रिया र भ्रष्टाचार नियन्त्रण बिना रोजगारी सिर्जनाको सपना पूरा हुँदैन । विकासको असली सूचक ठूला आयोजना होइन, जनताको हातमा पुगेको काम र आम्दानी हो । रोजगारी सिर्जना केवल आर्थिक विषय होइन, यो सामाजिक स्थायित्व र राष्ट्रिय भविष्यसँग जोडिएको मुद्दा हो । अब ढिलाइ होइन, व्यवहारिक नीति र इमानदार कार्यान्वयनको खाँचो छ । यसो भयो भने मात्र युवाले आफ्नै देशमा भविष्य देख्नसक्छन् ।**

## Opinion @ Socia Network

बचाउने भनेको आगोले जल्दै गरेकालाई हो
रिसले जल्नेहरुलाइ खरानी नहुन्जेल जल्न दिनु पर्छ ।
*(कमला दर्जीको **फेसबुक स्टाटसबाट** www.facebook.com/Kamala.Darj)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# राजनीतिक 'प्रायश्चित्त'



## जगन्नाथ पन्त

गलती, अपराध, अपकार्य र पाप जस्ता दुष्कर्मबाट दोषमुक्त हुनका लागि गरिने उपाय प्रायश्चित्त हो । यसले मानिसलाई मानसिक शान्ति, नैतिक र आत्म शुद्धी गराउँछ । विगतमा गल्ती भयो आइन्दा दोहोर्‍याउन्न भनेर गरिने प्रतिज्ञा हो प्रायश्चित्त । पश्चाताप गरिनुको अर्थ सोच्नु मात्र होइन खराब काम नगर्ने गरी कामलाई सुधारेर लैजानु हो, जसले खराब कार्यको क्षतिपूर्ति गरियोस् । विमलावती तन्त्र ग्रन्थ अनुसार 'प्रायोनामस्तपस्प्रोतम चित्तम निश्चय उच्चते, तपो निश्चय संयोगम् प्राय: चित्तम् प्रकृतितेम्' । धार्मिक दृष्टिकोण अर्थात् क्लासिकल दृष्ट्रिकोणबाट प्रायश्चित्त तपस्या हो । घुमन्ते बनेर निश्चित समय घरपरिवार त्यागि मागि गुजारा गरि आफुलाई पनि कष्ट दिइ गरिने प्रायश्चित्त पनि यसै भित्र पर्छ । वस्तुनिष्ट दृष्ट्रिकोणबाट दण्ड सजाय भोगेर प्रायश्चित्त हुन सक्दछ । अहिले कारागारलाई सुधारगृह पनि भनिन्छ । वैयक्तिक दृष्ट्रिकोणबाट पालना गर्दा प्रायश्चित्तमा नैतिक प्रभाव सिद्धान्त अपनाइन्छ । पाप कर्म गरेमा प्रायश्चित्त गर्नु पर्दछ । राजनीतिमा चार प्रकारका पाप हाम्रा जस्ता देशमा व्याप्त छन् । ति हुन मनोवृत्ति, कर्म, उपेक्षा र ध्येय । क्लासिकल दृष्ट्रिकोण र वस्तुनिष्ट दृष्ट्रिकोणको धेरै व्याख्या तिर नलागि यहाँ वैयक्तिक दृष्ट्रिकोणबाट राजनीतिक प्रायश्चित्तको चियो चर्चा गर्ने प्रयास गरिएको छ ।

मोहन चन्द्र करमदाशले अर्थात् महात्मा गान्धिले राजनीतिमा सात प्रकारका पाप हुने बताएका छन् । तर यहाँ मनोवृत्तिगत, कर्मगत, उपेक्षागत र ध्येयगत राजनीतिक पाप र त्यसको पश्चाताप छिचोल्न प्रयास गरिएको छ । वैयक्तिक रुपमा नेता नैतिक भएनन् भने उसले फगत पाप मात्र गर्दछ । शक्तिमा भएको समयमा नैतिक जो हुन्छ , त्यो मात्र दोष रहित हुन्छ । त्याग गरेको गाथा मात्रले उच्च नैतिकता मापन हुँदैन ।

लोभ रहित छ छैन त्यसले मापन गरिन्छ । शक्तिमा भएको समयमा र शक्ति प्राप्त गर्न अवलम्बन गरेको तरिका एवम् कार्यशैलीमा नैतिकता मापन गरिनु पर्दछ । तत्कालिन राजा त्रिभूवनले परिवर्तनका लागि मात्र परिवर्तन भयो भने त्यो केवल वेइमानी हुनेछ भनेका वाणी हामीले पछि पढेका थियौं । राणा शासन गयो, पञ्चायती व्यवस्था गयो, राजाका पटक-पटकका प्रत्यक्ष शासन गए, बहुदलिय प्रजातान्त्रिक शासन गयो, सैंघीय लोकतान्त्रिक गणतान्त्रिक शासन पनि आयो र यो पनि दुई पटक घायल कालय भयो । पहिलो संविधान सभाको असफलतापछि अनि दुई ठूला दलको सकारको असफलता पश्चात सरकार गठनमा भएका तरिकाले सैंघीय लोकतान्त्रिक गणतन्त्र पनि घाइते रुपमा छ । अस्तव्यस्त परिपाटी, कुशासनको जड मनोवृत्ति हो । संविधान छ, ऐन, कानून, कार्यविधी छन् । तर अराजकता, राजनीतिमा वेईमानी हावी हुनु नेताहरुको, व्युरोक्रेशीको मनोवृत्ति ठिक नहुनाले हो । असल काम गर्नु पर्छ भन्ने मनमा छ तर गर्दैनन् । जनताको कल्याण गर्न राजनीति गरेको, राष्ट्रिय अखण्डता र जनताको स्वाधिनताका लागि दल खोलेको भन्छन् तर मलाई प्रधान बनाउने फलाना, फलाना विदेशी मान्छेको गुन विर्सेको छैन भन्छन् ।

निर्वाचनमा एकथरी मिलेर जित्छन् तर सरकार अर्कै सित मिलेर बनाउछन्, मिल्ने छुट्टिने, गाली गर्ने प्रसंशा गर्ने चक्र दैनिक फेरबदल गर्छन् । नेपाललाई नेपाल बनाउँछु भन्न सक्दैनन्, सिंगापुर, स्विजरल्याण्ड बनाउँछु भन्छन् । भएका सडक र सडक स्तरोन्नति नाजुक छन्, पानी जहाज र चुच्चे रेलका कुरा, घर-घरमा ग्यास पाइपलाइनका जस्ता तत्काल असम्भव कार्य पत्याइने खालका रहेनन् । पञ्चायतकालमा एशियाली मापदण्ड , आधारभूत आवश्यकताका गफ र अहिलेका मध्यम आय भएको मुलुक बनाउछु भन्ने अवस्था उस्तै छन् । निमुखलाई न्याय, विपन्नलाई आय भन्ने, तर अवसर जति आफ्नैलाई भाग लगाउने । अमेरिकमा यति कमाउथे, त्यहाँको राष्ट्रपतिले यति लाख डलर सापटी तिरेनन् जस्ता अनेकौं फन्टुस गफ पत्याउनु हाम्रो पनि कमजोरी छ । जिम्मेवार पदमा बसेर नेतृत्व गरेकाको मानसिक प्रवृत्तिका विषयमा जनतामा उनीहरुको व्यवहार, चालचलन, आचरण, कार्य ,विशेषताप्रति घृणा जाग्यो । अमुक नेता, कर्मचारी भन्ने वित्तिकै ठग नै हो भन्ने ठहर गर्न लागियो । जेनजी आन्दोलन भयो, विनास भयो तर यसको लाभ अर्कैले लिए ।

सरकारका अर्थ मन्त्री भन्छन् - "सम्पत्ति शुद्धिकरणको ग्रे लिष्टबाट माथि जान यस्ता मुद्दाको अनुसन्धान, अभियोजन बढाउनु पर्दछ र जोडिएका संगठित अपराध र ठगिका मुद्दा चलाई सजाय दिनुपर्छ ।"तर उनकै मन्त्रिपरिषद् बैठकले पचासौं जना विरुद्धका अदालतमा विचाराधीन यस्ता अभियोग फिर्ता लिन्छ । यस्ता मनोवृत्तिगत राजनीतिक 'पाप' थपिदैछन् । पाप गर्दा गर्दा यति सम्म खप्पिस भयौं कि अमुक सभामा सुशासनका भाषण गर्ने, बैठकमा कार्य प्रभावकारिताका निर्देशन दिने राजनीतिक र व्यवस्थापकीय नेतृत्वले कर्मचारी सरुवामा समेत घुसको सेटिङ गरे । कर्म कति सम्म लाजपचाउदो गर्न लजाउदैन कि तिनै कर्मचारीलाई निर्देशन दिदै भन्छन् भष्ट्राचारमा शून्य सहनशीलता मेरो कर्म हो । अझ कार्यालय प्रवेश गर्दा दैलोमा भष्ट्राचार गर्दिन भनि कसम खाऊ भनेर टांसि दिन्छ । नक्कली भुटानी शरणार्थी, वाइडबडी, ओम्नी, टिस्टेड, रिर्सोट, निवास, क्यान्टेनमेन मात्र हैन ठेक्का पट्टा, नीति निर्णय, उम्मेदवारी टिकट वितरणमा भेटाए जति कुनै ठाउँ बांकी छोडेका छैनन् भन्ने शंका र चर्चा बेलाबेला सुनिन्छ । शिल्यानाश जति पनि हुन्छन्, निर्माणका उद्घाटन भने कम हुन्छन्, गरे पनि अधुरोमै हुन्छन् । अपवाद बाहेक संबैधानिक परिषदबाट गर्ने नियुक्ति, राजदुत नियुक्ति नि:शुल्क हुँदैनन् भन्ने छ । कोटा लिन्छन् र भाउँ बढाबढ गर्छन् । हुन नसकेको कामको दोष अरुलाई दिन्छन् , भएका कामको जस आफुले लिन्छन् । खराब कामको अभियोजन अरुलाई लगाउछन् । 'पाप' माथि पाप गर्दै जान्छन् ।

कसैलाई अयोग्य वा तुच्छ ठानेर उसप्रति ध्यान नदिनु, वेवास्ता गर्नु, उसका प्रति लापरवाह गर्नु, तिरस्कार गर्नु, निन्दा वा अनादर गर्नु उपेक्षा हो । जनताको अपेक्षालाई यथा क्षमता पनि पुरा नगर्नु उपेक्षा हो । आवश्यक नीति, कानून तर्जुमा गर्नु भन्दा संसद दलगत स्वार्थ र फलानाको गल्ति छ, छैन भन्ने सवालमा अनिर्णयको व्यर्थ विवाद गरिरहनु, बैठक अवरुद्ध गरिरहनु, साझेदार हुँदा निर्दोष छ भन्नु, विपक्षामा हुँदा उही विषयमा उही व्यक्ति उपर किटानी दोषारोपण गर्नु पनि उपेक्षा हो । अत्यावश्यक ठानिएका कानून जुन सेवा प्रवाह र सुशासन कायम गर्ने औजार हुन । जस्तै कि सैंघीय निजामती ऐन, राष्ट्रिय शिक्षा ऐन त्यति ठूलो आन्दोलन पश्चात पनि निर्माण नगर्नु जनता र सेवा प्रदायक प्रति उपेक्षा हो । संविधान संशोधन गर्न , दुई ठूला दलको सरकार भनियो । तर एक दिन पनि शीर्षतहमा छलफल नहुनु देश प्रतिकै उपेक्षा हो । राजनीतिक उपेक्षा देश र जनता माथि मात्र सीमित छैन । अन्तर दल र आन्तरिक पनि छ । महाधिवेशन गर्न आलटाल गर्ने, विधान बमोजिम गर्नेलाई सदस्यता खारेज गर्ने र निस्कासन गर्ने । आन्तरिक प्रतिस्पर्धा गरेको निहुँमा उम्मेदवारी टिकट नै नदिने, अन्य दल त्याग गरि प्रवेश गर्नेलाई निमेषमै टिकट दिने आफ्नै अनुयायी प्रतिको घोर उपेक्षा राजनीतिमा छ । नेता, कार्यकर्तालाई अन्याय गर्नु पाप नै हो ।

कार्यपालिका, व्यवस्थापिका न्यायपालिका देशका धरोहर हुन् । जनताको सार्बभौम अधिकारको अभ्यास र कार्यान्वयन गर्ने थलो नै भष्म पार्ने, भंग गर्ने ध्येय हुनु विडम्बना हो । जनताको सर्वाङ्गीण उन्नति, राष्ट्रको समृद्धि राजनीतिको ध्येय हुनु पर्नेमा आफ्नो पद अकण्टक गर्न खोजेर श्रोत साधनलाई वैयक्तिक लाभमा उपयोग गर्न उद्धत ध्येय घातक हो । दलको नाम फेरेर हुन्छ कि ?, पदनाम फेरेर हुन्छ कि , आफ्नालाई कारवाही गरेर अरुलाई भित्राउँदा हुन्छ कि , गठबन्धन गरेर वा तोडेर हुन्छ कि ? सदा शक्तिमा रहने ध्येय छ ।

नयां भनेकामा गैह राजनीतिक प्रविणताको आडमा जनप्रिय देखिने, त्यसको दुरुपयोग गरेर जम्मा गरेको रकमले राजनीति गर्ने, पुरानाको योगदानको अनादर गरेर बागडोरमा पुग्ने ध्येय बनाएको पनि छलङ्ग देखिन्छ । जो प्रतिकूल रागबाट उदाए, म र मेरो असल, अरु खराब र दुष्मन हुन भन्ने लगाव भएकाको मोहजालमा बत्तिमा पुतली झुम्मिए झैं झुम्मिएकाहरुले तिनीहरुको पृष्ठभूमि, कलुषित आचरण, ध्येय कस्तो छ परख गरिएन भने उनीहरुको पापको हिस्सेदारी भोग्नु पर्ने नियति अवश्यभावी हुन सक्दछ ।

कुनैले अरुको वदख्वाई गरेर, आफ्नो दोष अरुमा थुपारेर, नाम फेरेर, पद फेरेर, आन्तरिक आलोचकलाई पाखा लगाएर, तर्साएर , धम्काएर मात्र प्रायश्चित्त हुँदैन । विगतका कमीकमजोरी, त्रुटि, खराबीको प्रति क्षमाशील हुँदै, आइन्दा सुने कसम खाँदै, आगामी मनोवृत्ति सुधार्छु , कार्यशैली उत्तम अपनाउछु, कसैलाई उपेक्षा गर्ने छैन र लक्ष्य यस्तो छ , उध्येश्य यस्तो लिए, अन्तिम उपलब्धि यो यो हासिल गर्ने, गराउने छु भनेर विश्वसनीय मार्ग चित्र स्पष्ट गरेर आउछ, आउने छनक देखाएको छ, शाहस देखाएको छ, पूर्ण शरणागत हुँदै जनतालाई नै राजनीतिक शक्ति मान्ला जस्तो छ, जसले पूर्णरुपले राजनीतिक प्रायश्चित्त गरेको छ , त्यसैलाई मतदान गरेर आफुले पनि प्रायश्चित्त गर्ने समय मतदातामा आएको छ ।

मतदाताले परख गरेर सोचेर, बुझेर सत्यको पक्षमा मतदान गरिएन र लहलहैमा मत खेर गयो भने प्रायश्चित्त गर्न लामो अवधि कुर्न पर्ला । पुराना हुँदैमा सबै त्यज्य हुदैन, नयाँ हुँदैमा सबै ग्राह्य हुँदैन । एउटा जिम्मेवारी पुरा नगरि असामयिक रुपमा अर्को ताक्ने प्रवृत्ति निरुत्साहित गरिनु पर्छ । अभियोगमा न्यायिक सुनुवाई नटुङ्गिएकालाई मतदान गरेर प्रतिनिधित्व शून्य बन्ला कि भन्ने पक्षमा विचार गर्नु पनि पर्ला । आफ्ना समर्थक दलका चिह्नमा भोट दिदैन भन्ने बुझेर उसलाई अर्का स्थापित दलका चिह्नमा भोट नदेउस् भन्ने मनसायले मतदातालाई भ्रममा पार्न पनि अमुक दलका कट्टर कार्यकर्ताले यस पटक यस चिह्नमा भोट दिने भएको छु भनेर सुनाउने तर आफुले आफ्नै दलकालाई दिने अरुकालाई भट्काउने परिपञ्च चलेको छ । होसियार रहनु पर्ने छ । यथा प्रजा तथा राजा भन्ने पुरानो भनाई नयाँ सन्दर्भमा पनि लागू हुन्छ । तसर्थ विवेकशील मतदाता बनेर पछि प्रायश्चित्त गर्न नपर्ने गरी मतदान गरौं ।

## महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| **प्रहरी कार्यालय** | ५४०२०१ | रेडक्रस बुटवल ५४१००४ | रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७ |
| बुटवल ०७१-५४०२२२ | भिमअस्पताल भैरहवा ०७१-५२०१९३ | लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५ | रेडक्रस गुल्मी ०८९-५२०१६३ |
| स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९ | मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९ | मेडिटेक अस्पताल ५४९०७२ | नेपाल परिवार नियोजन संघ ०७१-५४००८१ |
| बुटवल रामनगर ०७१-५४१२३३ | परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३ | कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४० | लुम्बिनी नर्सिङ होम प्रा.लि. ०७१-५४१६४१ |
| भैरहवा ०७१-५२०१९९ | पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४ | आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९ | नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९ |
| अर्घाखाँची ०७७-५२११९९ | लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१ | रामपुर अस्पताल: ०७५-४००१५४ | जनसेवा क्लब नयाँमिल १९५७०२१२४६ |
| गुल्मी ०७९-५२०१९९ | पिचन्द्र परासी ०७८-५२०१८८ | **एम्बुलेन्स न.** | लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८ |
| परासी ०७८-५२०१९९ | भैरहवा आँखा अस्पताल ०७१-५२०२६५ | रोटरी क्लब बुटवल ०७१-५४४६०० | बनगाई क्लब बनगाई ०७६-६९०१०२ |
| तौलिहवा ०७६-५६००९९ | अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७ | लियो क्लब अफ बुटवल ०७१-५४५८९३ | रेडक्रस देवदह ०७१-५७७०९९ |
| पाल्पा ०७५-५२०५३६, ५२०१९९ | तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८ | रेडक्रस भैरहवा०७१-५२०२६३ | लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४० |
| इप्रका रामपुर ०७५-६९१५१५ | तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२०० | रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४ | बुटवल जेसिस ९८४७१२९९६४ |
| **अस्पताल कार्यालय** | सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५० | परासी ०७८-५२०१२५ | न्यू एकता क्लव तानसेन : ०७५-५२२२०० |
| लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८ | बुटवल हस्पितल ०७१-५४६४३२ | रेडक्रस पाल्पा ०७५-५२०६०० | परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५ |
| लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, | लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१ | रेडक्रस तौलिहवा ०७६-५६००१५ | रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४ |

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : सामाजिक भूमिकामा पनि प्रभाव बढ्ने संकेत छ।निर्णयका विषयमा सक्रियता देखिनेछ। | **तुला** :राजनीतिक वा संगठनात्मक जिम्मेवारी लिन मन लाग्न सक्छ। |
| **वृष** : सम्बन्धी विषयमा ध्यान जान सक्छ। मित्रवत व्यवहारले लाभ दिलाउनेछ। | **वृश्चिक** : नेतृत्व वा शिक्षासँग सम्बन्धित जिम्मेवारीले लाभ दिन सक्छ। |
| **मिथुन** : मिठो बोलीले अरूलाई प्रभाव पार्न सकिनेछ। नयाँ अवसर पाइने संकेत छ। | **धनु** :उतार चढाव सम्भव छ होसियार रहनुहोला।सोच र समझ आवश्यक छ। |
| **कर्कट** : भावनामा अलि संवेदनशीलता देखिए पनि निर्णयमा सोच उपयोगी हुनेछ। | **मकर** :घरपरिवार सम्बन्धी जिम्मेवारी र शिक्षा सम्बन्धित योजना दुवै सक्रिय रहनेछ। |
| **सिंह** : सामाजिक प्रतिष्ठा र पदमा समान्यतया वृद्धि र वढोत्तरी देखिन्छ। | **कुम्भ** : अरूलाई प्रभावित गर्ने योग छ। मित्रताको सहयोगले विशेष लाभ दिनेछ। |
| **कन्या** : शिक्षा अध्ययन वा नयाँ ज्ञान प्राप्तिमा समय दिनु लाभदायक रहनेछ। | **मीन** : व्यक्तिगत सम्बन्धमा मधुरता बढ्नेछ। शिक्षासम्बन्धी अवसर पनि प्राप्त हुन सक्छ। |

## विज्ञान/सूचना प्रविधि

# के चीन एआईको दौडमा चुपचाप अगाडि बढ्दै छ ?



हरेक महिना, करोडौं प्रयोगकर्ताहरू नयाँ फेसन र शैलीहरू खोज्न 'पिन्ट्रेस्ट' मा आउँछन् । त्यहाँ 'सबैभन्दा हास्यास्पद चीजहरू' शीर्षकको एउटा पेज छ, जहाँ सिर्जनशील मानिसहरूलाई प्रेरित गर्ने अनौठा विचारहरू राखिएका छन् । जस्तै- गमला बनाइएका क्रक्स जुत्ता, चिज बर्गर आकारको आईस्याडो वा तरकारीले बनाइएको जिन्जरब्रेड घर । तर यहाँ आउने धेरैलाई थाहा नहुन सक्छ कि यसको पछाडि प्रयोग भइरहेको प्रविधि अमेरिकी नै हो भन्ने छैन । पिन्ट्रेस्टले आफ्नो 'रेकमेन्डेसन इन्जिन' (सुझाव दिने प्रणाली) लाई तिखार्न चिनियाँ एआई मोडलहरूको प्रयोग गरिरहेको छ । कम्पनीका प्रमुख बिल रेडीले मलाई भने, 'हामीले पिन्ट्रेस्टलाई एआई-सञ्चालित सपिङ असिस्टेन्ट (किनमेल सहयोगी) बनाएका छौँ ।' पक्का पनि, सान फ्रान्सिस्कोमा रहेको यो कम्पनीले पर्दा पछाडि काम गर्नका लागि कुनै पनि अमेरिकी एआई ल्याबको प्रयोग गर्न सक्थ्यो । तर सन् २०२५ को जनवरीमा चीनको 'डिपसिक आर-१' मोडल सार्वजनिक भएपछि, चिनियाँ एआई प्रविधि पिन्ट्रेस्टको अभिन्न अङ्ग बन्दै गएको छ । रेडी यसलाई 'डिपसिक मोमेन्ट' वा एउटा ठूलो फड्को मान्छन्। उनी भन्छन्, 'उनीहरूले यसलाई 'ओपन सोर्स' (सबैका लागि खुला) बनाए, जसले ओपन सोर्स मोडलहरूको लहर नै ल्यायो ।' चिनियाँ प्रतिस्पर्धीहरूमा अलिबाबाको 'क्वेन' (Qwen) र मुनशटको 'किमी' (Kimi) छन् भने टिकटकको मालिक बाइटडान्सले पनि यस्तै प्रविधिमा काम गरिरहेको छ । पिन्ट्रेस्टका चिफ टेक्नोलोजी अफिसर म्याट म्याड्रिगलका अनुसार यी मोडलहरूको सबैभन्दा बलियो पक्ष भनेको यिनलाई नि:शुल्क डाउनलोड गर्न सकिन्छ र कम्पनीहरूले आफ्नो आवश्यकता अनुसार परिवर्तन ( कस्टमाइज) गर्न सक्छन् । यो सुविधा च्याटजीपीटी बनाउने ओपनएआई जस्ता अमेरिकी कम्पनीहरूका धेरैजसो मोडलमा पाइँदैन । म्याड्रिगलले भने, 'हामीले आफ्नै इन-हाउस मोडलहरूलाई तालिम दिन प्रयोग गर्ने ओपन सोर्स प्रविधिहरू बजारमा पाइने अन्य महँगा मोडलभन्दा ३० प्रतिशत बढी सटीक छन् ।' उनका अनुसार, यसबाट प्राप्त हुने सुझावहरू धेरै सस्तो मूल्यमा आउँछन्। कहिलेकाहीँ त अमेरिकी एआई डेभलपरहरूले प्रयोग गर्ने 'प्रोपाइटरी मोडल' (स्वामित्व भएका मोडल) को तुलनामा यसको खर्च ९० प्रतिशतसम्म कम हुन्छ । छिटो र सस्तो पिन्ट्रेस्ट मात्र होइन, अन्य अमेरिकी कम्पनीहरू पनि चिनियाँ एआई प्रविधिमा भर पर्न थालेका छन् । फर्च्युन ५०० कम्पनीहरूमा यी मोडलहरूको प्रयोग बढ्दो छ । गत अक्टोबरमा 'एयरबीएनबी' का प्रमुख ब्रायन चेस्कीले ब्लुमबर्गलाई बताए अनुसार उनको कम्पनीले एआई ग्राहक सेवाका लागि अलिबाबाको 'क्वेन' मा धेरै भर परेको छ । उनले यसका तीन सरल कारण दिए- यो 'धेरै राम्रो', 'छिटो' र 'सस्तो' छ । यसको थप प्रमाण 'हगिङ फेस' मा पनि भेटिन्छ, जहाँ मानिसहरू रेडिमेड एआई मोडलहरू डाउनलोड गर्न जान्छन् । त्यहाँ मेटा र अलिबाबा जस्ता ठूला डेभलपरका मोडलहरू पाइन्छन् । हगिङ फेसमा उत्पादन निर्माण गर्ने जेफ बुडियरका अनुसार साना स्टार्टअपहरू अमेरिकी भन्दा चिनियाँ मोडलहरूप्रति आकर्षित हुनुको मुख्य कारण लागत (पैसा) हो। उनले मलाई भने, 'यदि तपाईंले हगिङ फेसमा धेरै खोजिएका मोडलहरू हेर्नुभयो भने- जुन समुदायले सबैभन्दा बढी डाउनलोड र मन पराएका छन् त्यहाँको शीर्ष १० को सूचीमा प्राय: चिनियाँ ल्याबका मोडलहरू नै हुन्छन् ।' 'कुनै हप्ता त हगिङ फेसका शीर्ष ५ ट्रेनिङ मोडलमध्ये ४ वटा चिनियाँ ल्याबका हुन्छन् ।' गत सेप्टेम्बरमा, 'क्वेन' ले मेटाको 'लामा' (Llama) लाई पछि पार्दै हगिङ फेस प्लेटफर्ममा सबैभन्दा बढी डाउनलोड हुने 'लार्ज ल्याङ्ग्वेज मोडल' (एलएलएम) को परिवार बन्यो । मेटाले २०२३ मा आफ्नो ओपन-सोर्स लामा एआई मोडल सार्वजनिक गरेको थियो । डिपसिक र अलिबाबाका मोडलहरू नआउँदासम्म, डेभलपरहरूका लागि यो नै पहिलो रोजाइ थियो । तर गत वर्ष आएको 'लामा-४' ले डेभलपरहरूलाई खासै उत्साहित बनाउन सकेन । रिपोर्टहरूका अनुसार मेटाले अहिले अलिबाबा, गुगल र ओपनएआईका ओपन-सोर्स मोडलहरू प्रयोग गरेर नयाँ मोडल सेट तयार गरिरहेको छ, जुन यस वर्षको वसन्त ऋतुमा सार्वजनिक हुनेछ । एयरबीएनबीले पनि अमेरिकीसहित अन्य धेरै मोडलहरू प्रयोग गर्छ र तिनलाई आफ्नै पूर्वाधारमा सुरक्षित राख्छ । कम्पनीका अनुसार प्रयोगकर्ताको डाटा कहिल्यै पनि उनीहरूले प्रयोग गर्ने एआई मोडलका डेभलपरहरूलाई दिइँदैन ।

**चिनियाँ सफलता**

सन् २०२५ को सुरुवातसँगै धेरैको बुझाइ थियो, अमेरिकी टेक कम्पनीहरूले अर्बौं डलर खर्च गरे पनि चिनियाँ कम्पनीहरू अगाडि बढ्ने खतरा छ। बुडियर भन्छन्, 'अब त्यो कथा रहेन। अहिले सबैभन्दा राम्रो मोडल नै ओपन-सोर्स मोडल हो।' गत महिना स्ट्यानफोर्ड युनिभर्सिटीले प्रकाशित गरेको रिपोर्ट अनुसार चिनियाँ एआई मोडलहरू क्षमता र प्रयोगकर्ताको सङ्ख्या दुवै हिसाबले विश्वका अन्य मोडलहरूसँग बराबरी वा अझ अगाडि पुगेको देखिएको छ । बीबीसीसँगको हालैको अन्तर्वार्तामा बेलायतका पूर्व उपप्रधानमन्त्री सर निक क्लेगले अमेरिकी कम्पनीहरू मानव बुद्धिमत्तालाई जित्ने एआईको पछि मात्र लागेको जस्तो देखिएको बताए । गत वर्ष सर निक क्लेगले मेटाको ग्लोबल अफेयर्स प्रमुखको पद छोडेका थिए ।

मेटाका प्रमुख मार्क जुकरबर्गले 'सुपरइन्टेलिजेन्स' प्राप्त गर्न अर्बौं डलर खर्च गर्ने प्रतिबद्धता जनाएका छन् । केही विज्ञहरूले यी महत्त्वाकांक्षाहरूलाई अस्पष्ट भनेका छन् जसले चीनलाई ओपन-सोर्स एआई क्षेत्रमा प्रभुत्व जमाउने मौका दिएको छ । क्लेगले भने, 'यहाँ विडम्बना हेर्नुहोस्। विश्वको ठूलो एकतन्त्रीय शासन (चीन) र विश्वको सबैभन्दा ठूलो लोकतन्त्र (अमेरिका) बिचको लडाइँमा, चीनले प्रविधिको लोकतान्त्रिकरण (सबैको पहुँचमा पुऱ्याउने काम) गरिरहेको छ ।' स्ट्यानफोर्डको रिपोर्टले ओपन-सोर्स मोडलहरूको विकासमा चीनको सफलता पछाडि सरकारी सहयोगको पनि हात रहेको देखाएको छ । यता विश्वको अर्को कुनामा, ओपनएआई जस्ता अमेरिकी कम्पनीहरूमा नाफा कमाउने र आम्दानी बढाउने ठूलो दबाब छ- र उनीहरू अब विज्ञापनतर्फ लाग्दैछन् । कम्पनीले गत गर्मीमा दुईवटा ओपन-सोर्स मोडलहरू सार्वजनिक गरेको थियो- जुन वर्षौंपछि पहिलो पटक थियो। तर उसले पैसा कमाउनका लागि आफ्ना अधिकांश स्रोतहरू 'प्रोपाइटरी मोडल' मा खन्याएको छ । ओपनएआईका प्रमुख स्याम अल्टम्यानले अक्टोबरमा मलाई भनेका थिए, उनीहरूले कम्प्युटिङ पावर र पूर्वाधार सम्झौताहरू सुरक्षित गर्न आक्रामक रूपमा लगानी गरेका छन् । उनले भने, 'आम्दानी त धेरै छिटो बढ्नेछ, तर तपाईंले यो अपेक्षा गर्नुपर्छ कि हामी अर्को र त्यसपछिको मोडलको तालिममा ठूलो लगानी गरिरहनेछौँ ।'

*-रातोपाटी डटकम*

# कन्टेन्ट क्रिएसन विद्यालयमै सिकाइनेछ 'रिल्स' बनाउन




डिजिटल युगमा सामाजिक सञ्जाल केवल मनोरञ्जनको साधन मात्र नभई रोजगारी सिर्जनाको एउटा बलियो माध्यम बनेको छ । यो बदलिँदो यथार्थलाई स्वीकार गर्दै भारत सरकारले सन् २०२६ को बजेटमा युवाका निम्ति एउटा महत्त्वाकांक्षी घोषणा गरेको छ । भारतीय संघीय अर्थमन्त्री निर्मला सीतारमणले सन् २०३० सम्ममा भारतलाई करिब २० लाख सामाजिक सञ्जाल तथा कन्टेन्ट क्रिएसन (सामग्री सिर्जना)विज्ञ आवश्यक पर्ने बताएकी छन् । यही आवश्यकतालाई ध्यानमा राख्दै अब विद्यालय तहदेखि नै यसबारे तालिम दिइने योजना छ ।

**विद्यालय र कलेजमा 'कन्टेन्ट क्रिएटर ल्याब'**


बजेटमा घोषित योजनाअनुसार, भारतका १५ हजार माध्यमिक विद्यालयमा 'कन्टेन्ट क्रिएटर ल्याब' सुरु गरिनेछ । ५०० 'अग्रणी' कलेजमा अत्याधुनिक प्रयोगशाला स्थापना गरिनेछ । यी प्रयोगशालामार्फत विद्यार्थीलाई डिजिटल मिडियासँग सम्बन्धित सीपको व्यावहारिक तालिम दिइनेछ । यो कार्य सम्पूर्ण जिम्मेवारी इन्डियन इन्स्टिच्युट अफ क्रिएटिभ टेक्नोलोजीलाई दिइएको छ । यसनिम्ति सरकारले प्रत्यक्ष वित्तीय सहयोग उपलब्ध गराउनेछ । यसबाट ग्रामीण र सहरी दुवै क्षेत्रका विद्यार्थीले समान अवसर पाउने अपेक्षा छ ।

**विद्यार्थीले के सिक्नेछन् ?**

यो सरकारी योजनाको उद्देश्य केवल 'रिल्स' वा भिडियो बनाउनु मात्र नभई कन्टेन्ट क्रिएसनका सबै प्राविधिक र व्यावसायिक पक्षमा जोड दिनु हो । ती ल्याबमा विद्यार्थीले विभिन्न विषयमा गहन तालिम प्राप्त गर्नेछन् । यसमा भिडियो सम्पादन र पोडकास्टिङ समावेश छन् । यसअन्तर्गत आधुनिक सफ्टवेयरको प्रयोग गरी उच्च गुणस्तरको अडियो-भिडियो उत्पादन सिकाइनेछ । यस्तै, ग्राफिक डिजाइन र पटकथा लेखन पनि समेटिएको छ, जसमा प्रभावकारी प्रस्तुति र कथावाचनको कला सिकाइनेछ । यसबाहेक डाटा एनालिटिक्सअन्तर्गत दर्शकको चाहना, ट्रेन्ड र एल्गोरिदम बुझ्ने तरिका सिकाइनेछ । डिजिटल मार्केटिङ र मुद्रीकरणअन्तर्गत आफ्ना सामग्रीबाट कसरी आम्दानी गर्ने भन्ने ज्ञान दिइनेछ ।

डिजिटल नियम र आचारसंहिताअन्तर्गत कपिराइट, गलत समाचार र अनलाइन शिष्टाचारबारे जानकारी प्रदान गरिनेछ । भारतीय अर्थमन्त्री सीतारमणले भारत हाल विश्वकै सबैभन्दा बढी सामाजिक सञ्जाल प्रयोगकर्ता भएका देशमध्ये एक रहेको स्पष्ट पारिन् । नयाँ योजनाले युवालाई घरमै बसेर काम गर्ने अवसर बढाउने, स्थानीय सामग्रीलाई विश्वव्यापी मञ्च प्रदान र ठूला ब्रान्डसँग काम गर्ने अवसर सिर्जना गर्ने उनले उल्लेख गरिन् । *-बाह्रखरी डटकम*

# अमेरिकामा किन भटाभट डिलिट गरिँदैछ टिकटक एप ?




सोसल मिडिया प्लेटफर्म टिकटकले अमेरिकामा आफ्नो व्यवसाय सञ्चालनका लागि नयाँ ज्वाइन्ट भेन्चरको घोषणा गरेसँगै अमेरिकी प्रयोगकर्ताहरू अनुसन्तुष्ट देखिन थालेका छन् । फलस्वरूप अमेरिकामा ठूलो सङ्ख्याका टिकटक प्रयोगकर्ताहरूले आफ्नो स्मार्टफोनबाट एप डिलिट गर्न थालेका छन् । मार्केट रिसर्च कम्पनी सेन्सर टावरका अनुसार पछिल्लो पाँच दिनमा टिकटक डिलिट गर्ने अमेरिकी प्रयोगकर्ताको संख्या अघिल्ला तीन महिनाको औसतभन्दा करिब १५० प्रतिशतले बढेको छ ।

**के हो विवादको जड ?**

अमेरिकी सरकारले टिकटक अमेरिकालाई बिक्री गर्न वा वा प्रतिबन्धको सामना गर्न पटक-पटक अल्टिमेटम दिँदै आएको छ । यससँगै टिकटकले गतबिहीबार एडम प्रेसरको नेतृत्वमा नयाँ संयुक्त उपक्रम अर्थात् ज्वाइन्ट भेन्चर गठन गर्यो । उक्त घोषणासँगै अमेरिकी टिकटक प्रयोगकर्ताहरूलाई कम्पनीको नयाँ प्राइभेसी नीति स्वीकार गर्नुपर्ने सूचना पठाइयो । सोही नयाँ सूचनाले तत्कालै नयाँ विवादको जन्म दियो । टिकटकले अत्यन्तै संवेदनशील र व्यक्तिगत विवरण संकलन गर्न सक्ने चिन्ता प्रयोगकर्ताहरूमा देखिएको छ । जाति तथा नस्ल, यौनिक पहिचान, समलैंगिकताको अवस्था, नागरिकता (आप्रवासन अवस्था) तथा वित्तीय विवरण लगायतका व्यक्तिगत जानकारीहरू टिकटकले संकलन गर्नसक्ने आशंका गरिएको छ । कतिपय रिपोर्टले भने उल्लेखित प्रावधानहरू नयाँ नभएको र यस्तै व्यवस्था सन् २०२४ को अगष्टमा जारी गरिएको प्राइभेसी नीतिमा समेत उल्लेख रहेका जनाएका छन् । तर अमेरिकामा टिकटक सञ्चालनका लागि खडा गरिएको नयाँ ज्वाइन्ट भेन्चरले प्रयोगकर्ताको डाटा सुरक्षाको विषयमा रहेको शंका र चिन्तालाई बलियो बनाइदिएको विश्लेषकहरूको भनाइ छ ।

**विश्वासमा गिरावट : क्रिएटर्सको असन्तुष्टि**

यसैबीच टिकटकप्रतिको विश्वास कमजोर भएको भन्दै कैयन् चर्चित कन्टेन्ट क्रिएटरहरूले आफ्नो टिकटक अकाउन्ट डिलिट गरेका छन् । करिब ४ लाख फलोअर्स बनाएकी ड्रे रोनेन पनि यसमा पर्छिन् । उनले थ्रेड्समा लेखेकी छिन् यदि मजस्तो व्यक्तिले आफ्नो सबैभन्दा ठूलो प्लेटफर्म छोड्न सक्छु भने अरूले पनि सजिलै छोड्न सक्छन् । ४० लाखभन्दा बढी फलोअर्स भएकी नाद्या ओकामोटोका अनुसार टिकटक कम्पनीले क्रिएटर्ससँग स्पष्ट र खुला संवाद नगरेकाले डर र अन्योल फैलिएको छ । उसो त हालै टिकटक एपमा देखिएका प्राविधिक समस्याका कारण धेरै प्रयोगकर्ताले यसमा भिडियो अपलोड गर्न सकेका थिएनन् ।

टिकटकका अनुसार अमेरिकास्थित एक डाटा सेन्टरमा विद्युत आपूर्ति अवरुद्ध हुँदा यस्तो समस्या आएको हो ।

**प्रतिस्पर्धी एप्सलाई फाइदा**

अमेरिकामा देखिएको पछिल्लो ट्रेण्डका कारण अहिलेसम्म टिकटकका सक्रिय प्रयोगकर्ताको संख्यामा उल्लेख्य गिरावट नदेखिएको भएपनि यसको असर प्रतिस्पर्धी एपहरूमा स्पष्ट देखिएको छ । सोसल मिडिया प्लेटफर्म अपस्क्रोल्डका प्रयोगकर्ताको वृद्धिदर १ हजार प्रतिशतभन्दा बढी पुगेको छ । त्यसैगरी स्काइलाइट सोसलका प्रयोगकर्ताको संख्या ९१९ प्रतिशत र रेडनोटका प्रयोगकर्ताको संख्या ५३ प्रतिशतले बढेको छ । अमेरिकामा टिकटकको अनिश्चित अवस्थाका कारण धेरै क्रिएटरहरू पछिल्लो समय इन्स्टाग्राम र युट्युबजस्ता वैकल्पिक प्लेटफर्मतर्फ सर्न थालेको समाचारहरूमा उल्लेख छ । *-अनलाइन खबर डटकम*

# ‘सांसदले विकास निर्माण हैन, नीति बनाउने काम गर्नुपर्दछ’




**कृष्ण पोखरेल**

**पाल्पा,** माघ १९/राष्ट्रिय जनमुक्ति पार्टीका महासचिव एवं पाल्पा क्षेत्र नं. २ का उम्मेदवार टोप बहादुर अस्लामी मगरले संघीय सांसदले विकास निर्माणको काममा नभई जनता केन्द्रित नीति बनाउने काम केन्द्रित हुनुपर्ने बताएका छन् । नेतृत्व मिडिया प्रा.लि. ले तानसेनमा गरेको पत्रकार भेटघाट कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन ।

नेता अस्लामीले भने “संघीय सासंदको काम भनेको विकास निर्माण भन्दा पनि जनताका पक्षमा नीति नियम बनाउने हो, सांसदले विकास निर्माणका काम गर्ने भए किन स्थानीय सरकार चाहियो ?” उनले राजनीतिमा इमान्दारिताको पेशा बनाउनुपर्ने बताए । अस्लामीले अहिले राजनीतिक भनेको ढाल, छल, बेईमान गर्ने पेशा जस्तै भएको आरोप लगाए । उनले जनताको विश्वास जित्न राजनीतिलाई इमान्दारीताको पेशा बनाउनु पर्नेमा जोड दिए । फागुन २१ गते हुने निर्वाचनमा जनताले व्यक्ति हेरेर भन्दा पनि राजनितिक दलका ऐजेण्डा हेरेर मतादन गर्नुपर्ने नेता अस्लामीले बताए । देश विकास, समान हक अधिकार तथा पहुँचको लागि संघीयता जरुरी रहेको भए पनि चलिरहेको संघीयताको मोडल परिवर्तन गर्नुपर्नेमा उनले जोड दिए । जनमुक्ति पार्टीले अहिले संघमा राखिएको धेरै अधिकार स्थानीयतहमा हस्तान्तरण गरी स्थानीय सरकार र जनतालाई बलियो र साधन र श्रोत सम्पन्न बनाउने एजेण्डा लिएर जनतामाझ पुगेको महासचिव अस्लामीले बताए । उनले भने “हाम्रो पार्टीले वर्तमान संघीयताको मोडलमा सुधार गर्नुपर्ने, प्रत्यक्ष कार्यकारी प्रणाली अर्न्तगत, प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री, कलष्टर अनुसार राष्ट्रपति र प्रत्यक्ष निर्वाचित मुख्यमन्त्रीको व्यवस्था गर्नुपर्ने, भ्रष्टाचारमुक्त नेपाल निर्माणमा युवाहरुको सहभागिता हुनुपर्ने, देशमा औधोगिककरणको व्यवस्था, रोजगारी, शिक्षा तथा व्यापारको लागि विदेशीएका नेपालीहरुको नागरिताकतालाई रद्ध नगरी निरन्तर कायम राख्नुपर्ने, विदेशमा राम्रो पैसा कमाएका नेपलीहरुलाई नेपालमा लगानी गर्ने वातावरणको सुनिश्चिता कायम गर्ने र संविधानको पुनरलेखनको लागि जनता समक्ष एजेण्डा लिएर निर्वाचनमा होमिएको छ ।” जनमुक्तिले हात मिलाएको निर्वाचन चिन्ह लिएको छ । पत्रकार भेटघाट कार्यक्रमको सञ्चालन नेतृत्व त्रैमासिक पत्रिकाका प्रधान सम्पादक गोविन्द भट्टराईले गरेका थिए ।

# गणित र विज्ञानको...

...उनका अनुसार २०८१ सालदेखि प्रतियोगितालाई निरन्तरता दिदैं आइएको हो । विद्यालयहरुले कक्षा कोठामा सिकाउँदै आए पनि अतिरिक्त क्रियाकलापमार्फत रचनात्मक ढंगले विद्यार्थीहरुले छिटो सिक्न सक्ने विश्वास लिइएको प्रिन्सिपल पि.सी.ले बताए । प्रतियोगितामा पहिलो लिखित राउन्ड राखिएको विद्यालयका अतिरिक्त क्रियाकलापका संयोजक शिक्षक क्षितिज नेपालले बताए । उनका अनुसार उक्त राउन्डमा १ घण्टाको समयभित्रमा प्रत्येक टिममा संलग्न २ जना सहभागी मिलेर ५० वटा बहुवैकल्पिक प्रश्नहरू समाधान गर्नुपथ्यो । प्रतियोगीले क्यालकुलेटरको प्रयोग गर्न पाएका थिए । त्यस राउन्डबाट छानिएका ६ टिमको बिचमा स्टेज अन क्विज सञ्चालन गरिएको थियो । प्रतियोगितामा कक्षा ९ र १० का विद्यार्थीहरूले मात्र भाग लिएका शिक्षक नेपालले बताए । सम्मिलित प्रश्नहरूका लागि कक्षा ९ र १० को गणित र विज्ञानलाई मुख्य आधार मानि बनाउनुको साथै विभिन्न आइक्यु प्रश्न, दैनिक जीवनमा प्रयोग हुने विषयवस्तुलाई गणित र विज्ञानसँग सम्बन्धित गराई प्रश्नहरू प्रतियोगीलाई सोधिएको थियो ।

**प्रतियोगितामा सेन कपितानियो प्रथम**

प्रतियोगितामा सेन कपितानियो बोर्डिङ स्कूल प्रथम, जनता मावि दोस्रो र माउन्ट भ्याली तेस्रो भएका छन् । प्रतियोगितामा प्रथम हुनेलाई शिल्ड, मेडल, पाँच हजार नगद, प्रमाण पत्र, दोस्रो हुनेलाई मेडल, ३ हजार नगद, प्रमाण पत्र र तेस्रो हुनेलाई मेडल, दुई हजार नगद, प्रमाण पत्रको व्यवस्था गरिएको विद्यालयका अतिरिक्त क्रियाकलापका संयोजक नेपालले बताए । त्यस्तै प्रतियोगितामा देववाणी संस्कृत तथा साधारण मावि चौथौ, सीता मावि पाँचौं र न्यूहोराइजन मावि छैठौं भएका छन् । गत वर्ष बेथल बोडिङ्ग स्कुल प्रथम भएको थियो । यस्तै विद्यालयले सोमबारदेखि खेलकुद सप्ताह समेत सुरु गरेको छ । ४६ वटा बेलुन उडाएर संस्थाका उपाध्यक्ष बुद्धी प्रसाद शर्मा, विद्यालयका प्रिन्सिपल गोपाल पि.सी.ले संयुक्तरुपमा सप्ताहको शुभारम्भ गरेका हुन् । विद्यालयले माघ २५ गतेसम्म विभिन्न रचनात्मक कार्यक्रमहरु गरी वार्षिक उत्सव मनाउने विद्यालयका सहायक प्राचार्य सुमन न्यौपानेले बताए । विद्यालयको प्रशासन सहायक भवानी शर्माको सञ्चालनमा कार्यक्रम भएको थियो ।

**लुम्बिनी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**पाल्पा अस्पताल तानसेन, पाल्पा**

## सच्याइएको

नवजनचेतना राष्ट्रिय दैनिकको वर्ष ३१, अंक १८६, मिति २०८२/१०/१९ गते भित्री पृष्ठमा पाल्पा अस्पताल तानसेन पाल्पाको एम्बुलेन्स खरिद गर्ने सम्बन्धितको सूचनामा प्रकाशित मिति २०८२/१०/१९ गते हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ । स.

**वर्गिकृत डिस्प्ले**
**१X ५ साइजमा मात्र**
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

**जिल्ला अदालत पाल्पाबाट जारी भएको २१ दिने सूचना**

श्री पाल्पा जिल्ला अदालतबाट भएको जिल्ला नवलपरासी (ब.सु.पूर्व) सुनवल नगरपालिका वडा नं ११ धुर्कोट बस्ने रुद्र सिं घर्तिको छोरा अं वर्ष ३६ को मिन बहादुर घर्तीका नाउँको ईतलायनामा म्याद:-

वादी यतिसरा घर्ति र प्रतिवादी मिन बहादुर घर्ति भएको मुद्दा नं: ०८२-CP-०२९४ को सम्बन्धविच्छेद मुद्दामा तपाईका नाउँमा जारी भएको सुरु म्याद बेपत्ते तामेल भई आएकोले यस अदालतबाट मिति २०८२/०९/१३ गते तपाईको नाउँमा पुन:राष्ट्रिय स्तरको स्थानीय दैनिक समाचारपत्रमा ईतलायनामा म्याद जारी गर्ने भन्ने आदेश भएकोले मुलुकी देवानी कार्यविधी संहिता, २०७४ को दफा ११४ बमोजिम यो म्याद सुचना प्रकाशित गरिएको छ । यो म्याद सुचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक २१ (एक्काईस) दिन भित्र भए सबुत प्रमाण समेत लिई अदालत खुलेको समयमा तपाई स्वयं आफै वा आफ्नो कानून बमोजिमको प्रतिनिधी वा कानून व्यवसायी मार्फत प्रतिउतरपत्र साथ यस अदालतमा हाजिर हुन आउनुहोला । म्याद गुजारी बसेमा मुद्दा कानून बमोजिम हुनेछ ।

**ईति संवत् २०८२ साल माघ ११ गते रोज १ मा शुभम्**

# नारायणी नदीमा...

...क्रुजको सञ्चालनले यहाँको आर्थिक क्रियाकलापलाई चलायमान एवम् आन्तरिक पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउने उनले बताए । क्रुज सञ्चालक संस्था राइनो वाटर इन्टरटेनमेन्ट प्रालि एवम् होटल रिभर क्राउन प्रालिका प्रबन्ध निर्देशक दीपक ढुङ्गेलले क्रुजले देवघाटदेखि दक्षिणतर्फ नारायणी नदीमा ४० किलोमिटर यात्राको अनुमति पाएको बताए । साढे दुई तले क्रुजको लम्बाइ ९५ फिट एवम् चौडाई २१ फिट रहेको भन्दै ढुङ्गेलले क्रुजको पूरा क्षमता दुई सय जना भए पनि १५० जनालाई सेवासुविधा उपलब्ध गराउनेगरी सञ्चालनमा ल्याइएको बताए । क्रुजको यात्रा पूर्णरुपमा सुरक्षित रहेको भन्दै उहाँले क्रुज यातायातको लागि नभइ रमाइलो जलयात्राका लागि सञ्चालनमा ल्याइएको बताए । सामान्यता क्रुजिङको समय बढीमा एक घण्टाको भए पनि कार्यक्रम तथा प्याकेजअनुसार थपघट गर्न सकिने ढुङ्गेलको भनाइ छ । क्रुजको प्याकेजका बारेमा जानकारी दिँदै ढुङ्गेलले भने, “ब्रेकफास्ट क्रुजिङ, लन्च क्रुजिङ, डिनर क्रुजिङ, विवाह, व्रतबन्ध, पास्नी, जन्मोत्सव जस्ता शुभकार्य क्रुजिङ एवम् अन्य स्पेसल बुकिङका आधारमा क्रुजिङ हुनेछ ।” क्रुजिङका लीग साधारण टिकट पाँच सय तोकिएको भन्दै उहाँले ब्रेकफास्ट क्रुजिङको एक हजार पाँच सय, लन्च क्रुजिङको दुई हजार तथा डिनर क्रुजिङको तीन हजार एवम् अन्य कार्यक्रमको प्याकेजअनुसार शुल्क निर्धारण गरिएको जानकारी दिए । क्रुजले प्रति यात्रु १० लाख बराबरको बिमा गराएको भन्दै उनले गैँडाकोट तथा नारायणी नदीकिनारलाई दक्षिण एसियाकै नमूना नदी पर्यटन गन्तव्य बनाउँदै नेपाललाई लक्जरी जल पर्यटनको नक्शा स्थापित गराउने बताए । “यो परियोजना नारायणी नदीको राष्ट्रिय जलयात्रा सम्भावना, धार्मिक पर्यटन, दिगो पर्यटन र राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनासँग प्रत्यक्षरुपमा जोडिएको छ” उनले भने, “हामीले होटल र क्रुजका लागि ५० करोडको लगानी गरेका छौं, यसको लगानी समयअनुसार थप वृद्धि गर्दै सेवा विस्तार गर्दै लैजाने हाम्रो लक्ष्य रहेको छ ।” क्रुजलाई वर्षभरी सञ्चालन गर्ने योजनासहित गैँडाकोटबाट सञ्चालनमा ल्याइएको क्रुजले ठूलो हावा तथा पानीको बहावमा पनि यात्रा गर्न सक्ने क्षमता रहेको उनले बताए । देवघाटधाम, मौलाकालिका, वाल्मीकि आश्रम, चितवनको सौराहा, लुम्बिनीलाई यस परियोजनाले प्रमुख गन्तव्यको रुपमा एउटै पर्यटकीय करिडोरमा जोड्न भूमिका खेल्ने ढुङ्गलले बताए । राइनो क्रुजले आन्तरिक तथा अन्तर्राष्ट्रिय पर्यटनलाई मिश्रण गर्ने अपेक्षा गरिएको भन्दै उनले यसले नदी, धार्मिकस्थल, प्राकृतिक सौन्दर्य र लक्जरी आतिथ्यलाई एउटै आर्थिक चक्रमा बाँध्ने बताए । राइनो क्रुज सञ्चालनका क्रममा गैँडाकोट नगरपालिका उपप्रमुख शान्ति कोइराला, जिल्ला उद्योग वाणिज्य सै गैँडाकोट नवलपरासीका वरिष्ठ उपाध्यक्ष छवि कँडेल, होटल व्यवसायी सै मुकुन्दपुर मौलाकालिका क्षेत्रका अध्यक्ष शिव पौडेललगायतले क्रुजले जिल्लालाई पर्यटकीय हवको रुपमा स्थापित गर्न महत्वपूर्ण भूमिका खेल्ने बताए । यस अवसरमा क्रुजका सञ्चालक सदस्य बद्रिप्रसाद अधिकारीले क्रुजको सञ्चालनले स्थानीय उत्पादनको खपत गर्दै रोजगारीको वृद्धि हुने बताए । उनले क्रुज र होटलमा गरी प्रत्यक्षरुपमा ५० जनालाई रोजगारी प्रदान गरिएको बताए ।

मनको आवाज............
‘नाम पनि यूनिक, काम पनि यूनिक’
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई